# पुथा उत्तरगङ्गा गाउँपालिका

## गाउँ कार्यापालिका बैठकको प्रस्ताव एवं निर्णयहरु

बैठक सङ्ख्याः ५२, बैठक मितिः २०८२।११।२१, समयः बिहान ११:०० बजे

| क्र.स. | प्रस्तावहरु | निर्णयहरु | कै. |
|---|---|---|---|
| १ | अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा । | यस गाउँ कार्यपालिकाको ५१ औं कार्यपालिका बैठकमा भएका विभिन्न निर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल र कार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निष्कर्षका साथ सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ५२ औं कार्यपालिका बैठक प्रारम्भ गरियो । | |
| २ | विपद जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन सम्बन्धी छलफल तथा छलफल सम्बन्धमा । | यूनाइटेड मिसन टु नेपालको आर्थिक सहयोग र पुथा उत्तरगङ्गा गाउँपालिकाको समन्वयमा मिक नेपालको सहजीकरणमा पुथा उत्तरगङ्गा गाउँ कार्यपालकाका सम्पूर्ण सदस्य र विपद सम्बन्धी काम गर्ने शाखा कर्मचारी लागायतले जलवायु विपद जोखिम तथा जलवायु परिवर्तनको प्रभाव सम्बन्धी छलफल तथा नमुना तालिम गरियो । | |
| ३ | विभिन्न ठेक्काहरुको अनुमोदन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिका द्वारा सार्वजनिक खरिद नियमावली बमोजिम ठेक्का भएका तपसिलका योजनाहरुको कार्यपालिकाबाट अनुमोदन गरी आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट निर्माण गर्दा बजेट स्रोत सुनुश्चित गर्ने निर्णय गरियो ।<br><br>**तपसिल**<br>हुकाम काजरजङ्ग पेल्मा सडक निर्माण -स्रोत सुनिश्चित गर्ननपर्ने<br>महेन्द्र माद्यामिक विद्यालय भवन निर्माण -स्रोत सुनिश्चित गर्नुपर्ने<br>महेन्द्र माद्यामिक विद्यालय प्रा.वि. स्तरी विद्यालय भवन निर्माण बाछीगाउँ - स्रोत सुनिश्चित गर्नुपर्ने | |
| ४ | डिमुरगैरा तातोपानी सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाको वडा नं. ६ अन्तर्गतको डिमुरगैरा तातोपानीलाई संरक्षण तथा व्यवस्थापनसँग सँगै तातोपानीको पोखरीमा नुहाएबाफतको शुल्क गाउँपालिकाको आन्तरिक राजश्व खातामा न्यूनतम वार्षिक १ लाख जम्मा गर्ने गरी ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो । | |
| ५ | विविध सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ८ स्थित जनसहयोग माद्यामिक विद्यालय रिबाङचौरको विद्यालय भवन हावारीहुरीका कारण क्षतिग्रस्त भएको हुनाले उक्त भवनलाई प्राविधिक इस्टिमेट अनुसार संघीय विशेष अनुदान अन्तर्गतको विपदबाट क्षतिग्रस्त भवनको मर्मत संभार शिर्षकबाट खर्च गर्ने गरी सम्झौता गरी निर्माण कार्य गर्ने निर्णय गरियो। | |

ध्रुव वि.क.
... अधिकृत